# कुलमानसिंह भण्डारीका आवरणपृष्ठ कला

# कुलमानसिंह भण्डारीका आवरणचित्र

(आवरणचित्र-सङ्ग्रह)

कुलमानसिंह भण्डारी

२०६२

कृति : कुलमानसिंह भण्डारीका आवरणचित्र

विधा : आवरणपृष्ठ सङ्कलन

कलाकार : कुलमानसिंह भण्डारी

प्रस्तुति : सुकुम शर्मा

प्रकाशक : रामकृष्ण भण्डारी

संस्करण : पहिलो २०६२ असार

© : रामकृष्ण भण्डारी

मुद्रण तथा कम्प्युटर : कोसेली छापाखाना

मूल्य :

# प्रकाशकीय

मेरा पूज्य बा कुलमानसिंह भण्डारी चित्रका साथै किताप तथा पत्रिकाका लागि गाताचित्र बनाउने गर्नुहुन्थ्यो । उहाँले धेरै पुस्तकमा गाताचित्र बनाउनुभएको थियो । उहाँले समय समयमा कोरेका गाताचित्रहरू छरिएर रहेका थिए । भेटिए जति ती गाताचित्रलाई मिलाएर प्रकाशन गर्ने सोचअनुसार यो पुस्तक तयार गरिएको हो ।

मेरा बा चित्रकलाको माध्यमबाट दुःखी जनतालाई माया तथा आदरका साथ चेतना फिँजाउन प्रयत्न गर्नुहुन्थ्यो । समयसमयमा आफ्ना कितापका लागि गाताचित्र लेख्न लगाई मेरा बालाई साहित्यको क्षेत्रमा योगदान दिने अवसर मिलाइदिने साहित्यकारहरूमा म आभार प्रकट गर्दछु । ती पुराना कितापहरूमध्ये नभेटिएर यस संकलनमा छुट्न गएका छन् भने त्यसका लागि म क्षमा माग्दछु । अहिले किताप तथा पत्रिकामा भएका गाताचित्रहरूलाई संग्रह गरी पुस्तकका रूपमा प्रकाशित गरेका छौं । यस काममा आमा चैतन्यकुमारी भण्डारीसँग सल्लाह लिएको थिएँ र यसबारे उहाँ अत्यन्त खुसी हुनुभयो । प्रसिद्ध साहित्यकार श्यामप्रसाद शर्माज्यूलाई यसबारे सोधें, वहाँले राम्रो हुन्छ भन्नुभयो । कोसेली छापाखानामा पुस्तक छाप्ने चाँजोपाँजो मिलाएँ । छापाखानाबाटै स्क्यानिङ्ग तथा कम्प्युटरको अरू काम राम्ररी भयो, त्यसका लागि धन्यवाद दिन चाहन्छु । आफ्नो अमूल्य समय दिएर यो पुस्तक सम्पादन गर्नुहुने साहित्यकार सुकुम शर्माज्यूप्रति म ज्यादै आभारी छु ।

यसभन्दा पहिले "कुलमानसिंह भण्डारीका गीत र कविता" प्रकाशन गरेर बाका कार्यहरू संरक्षण गर्ने कार्य सुरुवात गरिएको हो । यो दोस्रो कार्य हो । अबका दिनमा पनि बाका छरिएका अरू रचनाहरू पनि संकलन गर्ने र तिनको प्रकाशनको काममा जुटिरहनेछु । अन्तमा यस कार्यमा सहयोग पुऱ्याउने सम्पूर्ण महानुभावहरूमा धन्यवाद दिन चाहन्छु ।

रामकृष्ण भण्डारी
२०६२

# विषयसूची


| | | |
|---|---|---|
| १. | आवरणपृष्ठ पुस्तक | १ |
| २. | आवरण पृष्ठ पत्रिका | २५ |
| ३. | कुलमानसिंह भण्डारी : परिचयका हरफमा | ५४ |

कृति - जोवनकै थुम्कोबाट
विधा - कविता
रङ - खरानी
लेखक - आनन्ददेव भट्ट
मिति - २०१६

कृति - तिमीलाई देख्दा
विधा - कविता
रङ - खरानी
लेखक - आनन्ददेव भट्ट
मिति - २०१७



कृति - महाकवि देवकोटा

विधा - समालोचना

रङ - रातो, नीलो, कालो, सेतो

लेखक - नित्यराज पाण्डे

मिति - २०१७

कृति - उज्यालो टाढा छैन

विधा - कविता

रङ - कालो, पहैंलो

लेखक - अरुणप्रकाश मिश्र 'नेपाली'

मिति - २०१७

कृति - खरानीको थुप्रो
विधा - गीतिकाव्य
रङ - रातो, कालो
लेखक - माधवलाल कर्माचार्य
मिति - २०१९

कृति - कसले जित्यो कसले हाऱ्यो
विधा - कथा
रङ - नीलो
लेखक - मदन मणि दिक्षित
मिति - २०२०

कृति - झुण्डचाउँदा झुण्डचाउँदै

विधा - उपन्यास

रङ - रातो, कालो, सेतो

लेखक - जुलियस, फचुचिक

उल्था गर्ने - वाचस्पति देवकोटा

मिति - २०२१




कृति - साहित्यसम्बन्धी दुई-चार कुरा

विधा - समालोचना

रङ - नीलो, रातो

लेखक - श्यामप्रसाद

मिति - २०२२

कृति - पाँच जरुरी कुरा
विधा - लेख संग्रह
रङ - नीलो, रातो, सेतो
लेखक - श्यामप्रसाद
मिति - २०२२, २०४१

कृति - चिनियाँचम्पा
विधा - कविता (नेपालभाषा)
रङ - नीलो, रातो
लेखक - चिनियाँ कविहरु
प्रकाशक - सूर्योदय प्रकाशन
अनुवादक - दुर्गालाल
मिति - २०२३

कृति - लू स्युनको सम्झनामा
विधा - संस्मरण
रङ - कालो, सेतो, खैरो
प्रकाशक - नेपाल चीन मैत्री संघ
मिति - २०२४

कृति - कुलिकासा
विधा - कविता (नेपालभाषा)
रङ - रातो, हरियो, कालो, सेतो
अनुवादक - दुर्गालाल
प्रकाशक - नेपाल-चीन मैत्री संघ
मिति - १९६७ इ.सं

कृति - गोरे घर्तीको सवाई

विधा - खण्डकाव्य (कविता)

रङ - रातो, पहेंलो, हरियो

लेखक - जनकप्रसाद हुमागाईं

मिति - २०३२




कृति - नौलो चीनका नौला आइमाईहरू

विधा - लेख

रङ - कालो, सेतो

उल्था गर्ने - शान्तदास

मिति - २०३३

कृति - वैचारिक विकासको सन्दर्भमा लक्ष्मीप्रसाद देवकोटा
विधा - समालोचना
रङ - कालो, सेतो
लेखक - मोदनाथ प्रश्रित
मिति - २०३५, २०४२

कृति - गोकुलकी आमा कसरी निको भइन् ?
विधा - कथा (बालकथा)
रङ - नीलो, सेतो, कालो
लेखक - जनकप्रसाद हुमागाईं
मिति - २०३६




कृति - थुनुवाको डायरी
विधा - दैनिकी
रङ - नीलो, सेतो
लेखक - श्यामप्रसाद
मिति - २०३८

कृति - लू सुन
विधा - काव्य
रङ - नीलो, सेतो
लेखक - राजीव
प्रकाशक - नवआलोक प्रकाशन
मिति - २०३८




कृति - अँध्यारोमा निस्सासिएका मानिसहरू
विधा - नाटक
रङ - नीलो, सेतो
लेखक - म्याक्सिम गोर्की
प्रकाशक - नवआलोक प्रकाशन
उल्था गर्ने - खगेन्द्र संग्रौला
मिति - २०३८

कृति - माडी यात्रा
विधा - काव्य
रङ - हरियो, सेतो
लेखक - पी. आर. पौडेल
मिति - २०३९






कृति - सरकारी निरीक्षक
विधा - नाटक
रङ - कालो, सेतो
लेखक - निकोलाइ वा. गोगल
अनुवादक - खगेन्द्र संग्रौला
प्रकाशक - नवआलोक प्रक़ाशन
मिति - २०४०

कृति - परदेशीलाई पत्र
विधा - कविता
रङ - रातो, नीलो, सेतो
लेखक - रविलाल अधिकारी
मिति - २०४१

कृति - बा-आमाको माया
विधा - कथा
रङ - पहेंलो, नीलो, सेतो
लेखक - जनकप्रसाद हुमागाईं
मिति - २०४३

कृति - मेरी सानी साथी
विधा - कविता
रङ - नीलो
लेखक - श्यामप्रसाद
मिति - २०४३




कृति - जिउँदा मानिसहरू
विधा - कविता
रङ - रातो, सेतो
लेखक - आर. आर. चौलागाईं
मिति - २०४३

कृति - अनुभव र आँखाहरू
विधा - समालोचना
रङ - कालो, रातो, सेतो
लेखक - रविलाल अधिकारी
मिति - २०४६

कृति - हर्के
विधा - कविता (काव्य)
रङ - नीलो, सेतो
लेखक - रविलाल अधिकारी
मिति - २०४६

कृति - आकांक्षाहरूले डसेको जिन्दगी
विधा - कविता
रङ - हरियो, सेतो
लेखक - भरतकुमार श्रेष्ठ
मिति - २०४८




कृति - शंकाका रेखाहरू कोरिंदा छन्
विधा - लेख- सङ्कलन
रङ - नीलो, सेतो
लेखक - कल्याणदेव भट्टराई
मिति - २०४८




कृति - कमिलाको कथा
विधा - कथा
रङ - सेतो, कालो
लेखक - कविताराम
प्रकाशक - बालकोसेली प्रकाशन
मिति - २०४८

कृति - हयामेलिनको मुरले
विधा - कविता
रङ - पहेंलो, हरियो, नीलो, सेतो
लेखक - शारदारमण नेपाल
प्रकाशक - बालकोसेली प्रकाशन
मिति - २०४९




कृति - अनौठो भूमिमा एलिस
विधा - उपन्यास
रङ - नीलो, सेतो, हरियो, पहेंलो, कालो, रातो, खैरो
लेखक - लुइस क्यारोल
उल्था गर्ने - विजय चालिसे
प्रकाशक - बालकोसेली प्रकाशन
मिति - २०५०




कृति - बालविकास
विधा - बालबालिका सम्बन्धी
रङ - सेतो, कालो
लेखक - अगाथा पाखिन थापा
मिति - २०५०




कृति - जीवित साहित्यकारप्रति हाम्रो कर्तव्य
विधा - निबन्ध (लेख सङ्ग्रह)
रङ - हरियो, रातो, सेतो
लेखक - श्यामप्रसाद
मिति - २०५०

कृति - आर्थिक अवस्था कसरी सपार्ने ?
विधा - निबन्ध
रङ - नीलो, सेतो
लेखक - श्यामप्रसाद
मिति - २०५१




कृति - कार्यशैलीबारे
विधा - लेख संग्रह
रङ - हरिया, गुलाफी, सेतो
लेखक - श्यामप्रसाद
मिति - २०५२

| | |
|---|---|
| कृति | - चास्सचुस्स |
| विधा | - कविता (हाइकु, छोक, मुक्तक) |
| रङ | - रातो, कालो, सेतो |
| लेखकद्वय | - आर. आर. चौलागाईं |
| | केशव श्रेष्ठ 'ज्योति' |
| मिति | - २०५२ |

| | |
|---|---|
| कृति | - मानव अधिकार गीत |
| विधा | - कविता |
| रङ | - रातो, नीलो, सेतो |
| लेखक | - पुरुषोत्तम शर्मा |
| मिति | - २०५२ |



**कृति** - श्रम कानुन साक्षरता निर्देशिका पुस्तिका
**विधा** - विविध
**रङ** - हरियो, खैरो, नीलो, सेतो
**लेखक** - युवराज संग्रौला
**मिति** - २०५३

**कृति** - विजयका बाँसुरी
**विधा** - काव्य
**रङ** - हरिया, रातो, सेतो
**लेखक** - ऋषिराम न्यौपाने
**मिति** - २०५३






कृति - मातेको मान्छे र प्रजातन्त्र
विधा - कविता
रङ - रातो, नीलो, सेतो
लेखकद्वय - नारायणप्रसाद शर्मा
मिति - २०५३

कृति - मैले कसरी अध्ययन गरेँ ?
विधा - संस्मरण
रङ - कैलो, सेतो
लेखक - म्याक्सिम गोर्की
अनुवादक - शान्तदास
मिति - २०५५

कृति - रोकिदैन लेखिने क्रम
विधा - कथा
रङ - पहेंलो, गातो, कालो
लेखक - विभु अधिकारी
मिति - २०५६




कृति - शिक्षासम्बन्धी दुई चार कुरा
विधा - लेख निबन्ध
रङ - रातो, नीलो, सेतो
लेखक - श्यामप्रसाद
मिति - २०५६




कृति - GRAND FATHERS, GRAND MOTHERS
विधा - लेख संग्रह
रङ - कालो, सेतो
लेखक - श्यामप्रसाद
मिति - २०५६ (१९९९ इ.सं)




कृति - सिजापतीबाला
विधा - महाकाव्य
रङ - रातो, हरियो, सेतो, पहेंलो
लेखक - पूर्णप्रकाश नेपाल 'यात्री'
मिति - २०५७




कृति - परिवेश
विधा - कविता
रङ - रातो, कालो, पहेंलोक, सेतो, कैलो, खैरो, हरियो, नीलो
लेखक - पृथ्वीवहादुर सिंह
मिति - २०५९

**पत्रिका** - स्वास्नीमान्छे

**प्रकाशित साल** - वर्ष ६, अङ्क १-४,
पूर्णाङ्क २७-३०, २०२०

**रङ** - कालो, रातो

**सम्पादन** - शशीकला शर्मा

**पत्रिका** - साहित्य

**प्रकाशित साल** - वर्ष ६, अङ्क १-४,
पूर्णाङ्क २७-३०२०२१

**रङ** - कालो, रातो

**सम्पादन** - श्यामप्रसाद शर्मा




**पत्रिका** - सङ्कल्प

**प्रकाशित साल** - २०३७, पूर्णाङ्क ३३

**रङ** - हरियो, सेतो, रातो

**सम्पादक** - कुन्ता शर्मा




**पत्रिका** - सङ्कल्प

**प्रकाशित साल** - २०५४, पूर्णाङ्क ५५

**रङ** - नीलो, सेतो, रातो

**सम्पादक** - कुन्ता शर्मा



पत्रिका - झिसमिसे

प्रकाशित साल - २०३७, पूर्णाङ्क १०-११

रङ - नीलो, कालो, सेतो, रातो

सम्पादक - रघु पन्त

पत्रिका - सुस्केरा

प्रकाशित साल - २०३७, वर्ष ११, पूर्णाङ्क ३५

रङ - हरियो, सेतो

सम्पादक - रामचन्द्र भट्टराई




पत्रिका - श्रृङ्खला

प्रकाशित साल - २०३५ पुस, मूल -१

रङ - हरियो, सेतो, रातो

सम्पादक - प्रवीण जोशी




पत्रिका - श्रृङ्खला

प्रकाशित साल - २०३६ पुस, मूल -१

रङ - हरियो, नीलो, कालो, रातो

सम्पादक - प्रवीण जोशी



पत्रिका - श्रृङ्खला
प्रकाशित साल - २०३९ पुस, मूल -१
रङ - नीलो, रातो
सम्पादक - प्रवीण जोशी




पत्रिका - श्रृङ्खला
प्रकाशित साल - २०४५-४६ पुस, मूल -१
रङ - नीलो, रातो
सम्पादक - प्रवीण जोशी




पत्रिका - श्रृङ्खला
प्रकाशित साल - २०४८
रङ - कालो, रातो
सम्पादक - प्रवीण जोशी




पत्रिका - नवआलोक
प्रकाशित साल - वर्ष १, अङ्क १, २०३६
रङ - हरियो, नीलो, कालो, रातो
सम्पादक - शान्तदास मानन्धर

पत्रिका - नवआलोक

प्रकाशित साल - वर्ष १, अङ्क २, २०३६-३७

रङ - हरियो, नीलो, कालो, रातो

सम्पादक - शान्तदास मानन्धर




पत्रिका - नवआलोक

प्रकाशित साल - वर्ष १, अङ्क ३, २०३७

रङ - सुनौलो, कलेजी, सेतो

सम्पादक - शान्तदास मानन्धर




पत्रिका - नवआलोक

प्रकाशित साल - वर्ष २, अङ्क ४, २०३७-३८

रङ - रातो, कलेजी, सुनौलो, सेतो

सम्पादक - शान्तदास मानन्धर




पत्रिका - नवआलोक

प्रकाशित साल - वर्ष ३, अङ्क ५, २०४०

रङ - रातो, कालो, सेतो

सम्पादक - शान्तदास मानन्धर




पत्रिका - नेपाली हस्तकला - एक परिचय

प्रकाशित साल - २०३९

रङ - सेतो, नीलो, कालो, रातो

सम्पादक - श्री ५ को सरकार
उद्योग मन्त्रालय
घरेलु तथा ग्रामीण उद्योग विभाग

पत्रिका - गाउँ सेवा स्मारिका

प्रकाशित साल - अङ्क ३ र ४, २०४०

रङ - सेतो, नीलो, कालो, रातो

सम्पादक - भीम बहादुर अधिकारी




पत्रिका - प्रयास
प्रकाशित साल - २०४१
रङ - सेतो, कालो, रातो
सम्पादक - दीपक श्रेष्ठ




पत्रिका - नौलो कोसेली
प्रकाशित साल - २०४२
रङ - सेतो, कालो, रातो
सम्पादक - राजकुमार श्रेष्ठ




पत्रिका - नौलो कोसेली

प्रकाशित साल - अङ्क ९, २०४६

रङ - कलेजी

सम्पादक - दुर्गामोहन श्रेष्ठ




पत्रिका - नौलो कोसेली

प्रकाशित साल - अङ्क १०, २०४७

रङ - कलेजी

सम्पादक - दुर्गामोहन श्रेष्ठ

**पत्रिका** - नौलो कोसेली
**प्रकाशित साल** - अङ्क ११, २०४८
**रङ** - कलेजी
**सम्पादक** - दुर्गामोहन श्रेष्ठ




**पत्रिका** - नौलो कोसेली
**प्रकाशित साल** - अङ्क १२, २०४९
**रङ** - सेतो, नीलो
**सम्पादक** - दुर्गामोहन श्रेष्ठ




पत्रिका - नौलो कोसेली

प्रकाशित साल - अङ्क १३, २०५०

रङ - कलेजी, रातो

सम्पादक - दुर्गामोहन श्रेष्ठ




पत्रिका - नौलो कोसेली

प्रकाशित साल - अङ्क १४, २०५१

रङ - हरियो, सेतो, प्याजी

सम्पादक - दुर्गामोहन श्रेष्ठ

**पत्रिका** - नौलो कोसेली
**प्रकाशित साल** - अङ्क १४, २०५२
**रङ** - रातो, सेतो, प्याजी
**सम्पादक** - दुर्गामोहन श्रेष्ठ




**पत्रिका** - उत्साह
**प्रकाशित साल** - पूर्णाङ्क २८, २०४३
**रङ** - हरियो, सेतो, रातो
**सम्पादक** - इस्माली




पत्रिका - काग
प्रकाशित साल - वर्ष ३, अङ्क ३, २०४४
रङ - हरियो, सेतो, कालो
सम्पादक - रामेश्वर फुयाल




पत्रिका - अक्षलोक
प्रकाशित साल - वर्ष ७, पूर्णाङ्क १६, २०४४
रङ - कालो, रातो
सम्पादक - सिद्धिश्वरमान श्रेष्ठ

पत्रिका - कार्टुन कार्टुन

प्रकाशित साल - २०४६

रङ - कालो, सेतो, गाढा हरियो

प्रकाशक - बालकोसेली

पत्रिका - पोल्ट्री मञ्च

प्रकाशित साल - २०४६

रङ - पहेँलो, नीलो, सेतो, रातो

सम्पादक - श्रीराम खनाल

पत्रिका - फूलपाती

प्रकाशित साल - २०४६

रङ - नीलो, सेतो

सम्पादक - देवप्रसाद श्रेष्ठ

---




पत्रिका - लहर

अङ्क - वर्ष १५, पूर्णाङ्क २७

रङ - नीलो, रातो

सम्पादक - वासुदेव अधिकारी

**पत्रिका** - चिचिला
**प्रकाशित साल** - अङ्क ५, ७ र ८, २०४६-४७
**रङ** - रातो, सेतो, हरियो
**सम्पादक** - भुवनेश्वरी सत्याल

**पत्रिका** - शुभारम्भ
**प्रकाशित साल** - २०४८
**रङ** - हरियो, सेतो
**सम्पादक** - रामचन्द्र अर्याल "फुर्सती"




पत्रिका - थि

प्रकाशित साल - २०४८

रङ - रातो, सेतो

सम्पादक - दीपक, बाबुकाजी सा:छेँ

पत्रिका - रातोथुँगा

प्रकाशित साल - वर्ष १, अङ्क २, २०४९

रङ - नीलो, हरियो, रातो, सेतो

सम्पादक - खोपीराम लम्साल

पत्रिका - इन्द्रेणी
प्रकाशित साल - वर्ष १, अङ्क १, २०४९
रङ - खैरो, सेतो
सम्पादक - तुईलाल श्रेष्ठ

पत्रिका - इन्द्रेणी
प्रकाशित साल - वर्ष २, अङ्क २, २०५०
रङ - खैरो, सेतो
सम्पादक - तुईलाल श्रेष्ठ




पत्रिका - इन्द्रेणी
प्रकाशित साल - वर्ष ३, अङ्क ३, २०५१
रङ - गुलाबी, सेतो
सम्पादक - तुईलाल श्रेष्ठ




पत्रिका - इन्द्रेणी
प्रकाशित साल - वर्ष ४, अङ्क ४, २०५२
रङ - नीलो, सेतो
सम्पादक - तुईलाल श्रेष्ठ




पत्रिका - इन्द्रेणी
प्रकाशित साल - वर्ष ५, अङ्क ५, २०५३
रङ - हरियो, गुलाबी, सेतो
सम्पादक - तुईलाल श्रेष्ठ

पत्रिका - इन्द्रेणी
प्रकाशित साल - वर्ष ७, अङ्क ७, २०५५
रङ - नीलो, रातो, खैरो, सेतो
सम्पादक - तुईलाल श्रेष्ठ




पत्रिका - जनमत

प्रकाशित साल - वर्ष ९, अङ्क १२, २०४९

रङ - कालो, रातो, सेतो

सम्पादक - मोहन दुवाल




पत्रिका - जनमत

प्रकाशित साल - वर्ष १४, अङ्क १-६,
२०५३-५४

रङ - कैलो, कलेजी, सेतो

सम्पादक - मोहन दुवाल




पत्रिका - मूर्च्छना
प्रकाशित साल - वर्ष १, अङ्क १, २०४९
रङ - नीलो, सेतो, कलेजी
सम्पादक - खेम बानियाँ, रामचन्द्र भण्डारी




पत्रिका - मूर्च्छना
प्रकाशित साल - वर्ष २, अङ्क २, २०५०
रङ - नीलो, सेतो, रातो
सम्पादक - खेम बानियाँ, रामचन्द्र भण्डारी
तुलाराम थापा

पत्रिका - अन्तर्ध्वनि (त्रैमासिक)
प्रकाशित साल - वर्ष २७, पूर्णाङ्क ३, २०५०
रङ - रातो, सेतो
रङ - नीलो, सेतो
सम्पादक - नारायणप्रसाद शर्मा

पत्रिका - स्मारिका
प्रकाशित साल - वर्ष ४, अङ्क ४, २०५१
रङ - खैरो, रातो, सेतो
प्रकाशक - नेपाल क्षयरोग निवारण संस्था, भक्तपुर

पत्रिका - मिर्मिरे

प्रकाशित साल - वर्ष २४, अङ्क ७, २०५२

रङ - रातो, हरियो, कलेजी, सेतो

सम्पादक - वासुदेव अधिकारी

पत्रिका - कानूनी साक्षरता पुस्तिका

प्रकाशित साल - अङ्क १, २०५२-५३

रङ - कालो, हरियो

सम्पादक - युवराज संग्रौला






पत्रिका - कानूनी साक्षरता पुस्तिका
प्रकाशित साल - अंक २, २०५६
रङ - कालो, नीलो
सम्पादक - युवराज संग्रौला

पत्रिका - गुण चिनी चिनी गुण
प्रकाशित साल - २०५३ चैत
रङ - कालो, रातो, सेतो
सम्पादक - पुरुषोत्तम शर्मा

पत्रिका - प्रलेस

प्रकाशित साल - वर्ष ४, पूर्णाङ्क १०, २०५४

रङ - नीलो पहेँलो, हरियो, सेतो

प्रधान सम्पादक- श्यामप्रसाद शर्मा

पत्रिका - नेपाल मानव अधिकार सङ्गठन

प्रकाशित साल - अङ्क ३, २०५४

रङ - सेतो, कालो

सम्पादक - भारती सिलवाल गिरी (लगायत)

पत्रिका - अभिव्यक्ति
प्रकाशित साल - वर्ष २९, पूर्णाङ्क ९२, २०५५
रङ - रातो, कालो, सेतो
सम्पादक - नगेन्द्रराज शर्मा




पत्रिका - मैदान
प्रकाशित साल - वर्ष ४, अङ्क २, २०५६
रङ - नीलो, सेतो, हरियो
सम्पादक - नवराज रिजाल

# कलाकार कुलमानसिंह भण्डारी : परिचयका हरफमा

*- सुकुम शर्मा*

## १. परिचय र आत्मीयता :-

कलाकार कुलमानसिंह भण्डारीसँग कहाँ, कहिले र कसरी परिचय भयो भन्ने स्मरणीय प्रसङ्ग मेरा सम्झनामा सञ्चित छैन । वि.सं. २०५३ को हिउँदमा पोखरामा उनका कलाकृति हेरेको र वालसाहित्यको कार्यक्रममा वार्तालाप गरेका वारेमा लेखेको मेरो संस्मरण यस्तो छ–

मैले भण्डारीका लेख ; रचना र कविताहरू पोखरा बस्दा नै पढ्ने गरेको थिएँ । पोखरामा मैले सङ्गत गरेका गुरु रविलाल अधिकारीका मुखवाट भण्डारी र उनको कलाकारिताका वारेमा सुनेको थिएँ । साहित्यकार-समालोचक रविलाल अधिकारीका पुस्तकका आवरणवाट मैले भण्डारीको चित्रकारिता पहिलोपटक पढेको थिएँ । त्यसपछि "मानसपटका तस्वीरहरू" (२०४९)मा साहित्यकार मोदनाथ प्रश्रितको भेटमूलक लेखवाट भण्डारीका विषयमा अनेक सोच वनाएको थिएँ । तर, कुलमानसिंह भण्डारीसँग पहिलो भेट भने २०५३ सालमा भएको हो । पोखरा सार्वजनिक पुस्तकालयको आयोजनामा पोखरामा वालसाहित्य गोष्ठी भएको थियो । त्यस गोष्ठीका सहभागीका लाममा मैले भण्डारीसँग पनि परिचय मागेको थिएँ । भण्डारीले आफ्ना चित्र झोलामा बोकेर ल्याएका थिए । ती चित्रमा पाइने सरलता, जीवन्ततासँगै भण्डारीका शब्दमा भनिएका दार्शनिक विचारसँग म अझ तानिएको थिएँ । त्यसपछि उनीप्रति श्रद्धाभाव जागेको थियो । यही थियो– हाम्रो पहिलो भेट, परिचय र चिनारीको आत्मीय गाँठो..........।

वि.सं. २०५३ मा म कीर्तिपुरमा स्नातकोत्तर तहको विद्यार्थी भएर आएँ । एक दिन उहाँलाई भेट्न म पुरानो कीर्तिपुरमा गएँ । त्यसपछि हाम्रावीच आत्मीयता भ्याङ्गियो । हाम्रा वीच विविध कुराकानी ; सरसहयोग र छलफल हुने गरेको यथार्थ यस सन्दर्भमा स्मरणीय छ । भण्डारीसँगको सङ्गतवाट उनका रचनाको अस्तव्यस्तता पनि थाहा पाएँ । त्यसपछि उनका वारेमा क्रमशः केही काम गर्न पर्छ भन्ने मेरो निष्कर्ष रह्यो । त्यही कर्तव्यवोधका पाटामा यस कार्यलाई पनि राख्न पर्ने मेरो विचार छ र उनका कृतिको संरक्षण गर्दै नयाँ पुस्तामा उनको कलाकारिताको परिचय दिनु असल साथीहरूको दायित्व हो भन्ने ठहर छ ।

## २. मेरा कलाकार गुरुहरूको समीक्षा :-

कुलमानसिंह भण्डारीका वारेमा केही शोधखोज गर्नुपर्छ भन्ने अठोटसँग साटिएर मैले सर्वप्रथम "मेरा कलाकार गुरुहरू" (२०५४)को समीक्षा लेखें । यो समीक्षा "समदृष्टि" (२०५४)मा छापिएको छ र पुस्तक परिचय "आजको समाचारपत्र"मा पनि छापिएको छ । भण्डारीको एकमात्र प्रकाशित कृतिवाट उनका विषयमा शोधखोजको यात्रा अघि वढेकाले यस पृष्ठभूमिमा उक्त परिचयात्मक समीक्षा साभार गर्नु उपयुक्त नै हुन्छ ।

"साहित्य, सङ्गीत र कला मानव जीवन र सभ्यताका विशिष्ट उपलब्धि हुन् । जीवन जगत्को यथार्थका प्रस्तुतिमा कलाकारको दृष्टि घनिभूत भएर कलाको आलोकमा फैलिएको र चम्किएको हुन्छ । साहित्य शब्दगत चित्रणको हार्दिक उपलब्धि हो भने सङ्गीत लयगत झङ्कारको रुनझुनमा घुँघरिने हृदयको तार हो । अनि चित्रकलाको

सिङ्गो तस्विरमा यथार्थको प्रस्तुति या प्रतिविन्वको भावुक वहार भएर जमजमाएको हुन्छ। यही जीवन्-जगतको यथार्थमा मानव हृदयलाई आकर्षण गर्ने मस्तिष्कको कोमल उपज नै साहित्य, सङ्गीत र कला हो। यी प्रस्तुतिमा मानिसको हिजोको यात्रा, आजको यथार्थ र भोलिको गौरवमय गोरेटाको सवल पक्ष छ। साहित्य, सङ्गीत र कलाका लागि प्रतिभाका साथमा अभ्यासको पनि त्यत्तिकै आवश्यकता पर्छ। यसैलाई अर्को शव्दमा साधना भनिन्छ। साधनामा नथाक्ने कलाकार हुन्– कुलमानसिंह भण्डारी।

साधनाका क्रममा कला खार्न, चहकिलो वनाउन र माझ्न अग्रज कलाकारहरूका सुझाउ, सल्लाह, गाली, तिरस्कार आदि प्रेरणाका स्रोत वन्छन्। आफ्नो रोजाइको मार्गमा अग्रसर रहँदा गुरुहरूको माया ममताका साथमा घोचिला-पेचिला संस्मरणहरू मायालु भएर हृदयमा गाँसिएका हुन्छन्। आफूले पाएको प्रेरणा, सँगालेको संस्मरण र अँगालेको मार्गमा अग्रजहरूको देन जति मार्मिक हुन्छ त्यति नै ह्याकुलो समाउने पनि हुन्छ। यस्ता संस्मरणवाट पछिल्ला पिंढीका साधकहरूका लागि मार्गनिर्देशन, अप्ठेरामा प्रेरणा र कार्यमा तल्लीनता ल्याउन तथा साधनामा विचलित नहुन मद्दत मिल्छ। यस्तै मान्यताको प्रस्तुति नै "मेरा कलाकार गुरुहरू" भन्ने पुस्तक हो। यसमा कलाकार कुलमानसिंह भण्डारीले आफूले कला सिक्दाको सुरुको अवस्थाको स्मरण गरेका छन्। आफ्ना प्रेरणा स्रोत गुरुहरूको संस्मरण गर्दै आफ्नो साधना निरन्तरताको मार्ग देखाउन उनी यस कृतिमा लागि परेका छन्। यस कृतिमा संस्मरणात्मक र अन्तर्वार्तात्मक प्रस्तुति छ।

कुलमानसिंह भण्डारी कला क्षेत्रमा साधनारत र परिचित नाम हो। जनता जगाउने, सचेत पार्ने हेतुले कोरेका उनका चित्र वुझिने, सरल र स्पष्ट छन्। उनका चित्रमा समाजका मर्म, मानिसका दर्द, युगका चिन्तन, वाँच्नु र वचाइका व्यथामा प्रकृति र जीवनको तादाम्य सम्वन्ध चित्रित छ। आजको वैज्ञानिक युगमा वैज्ञानिक चिन्तन अवलम्वन गर्नु नै उपयुक्त हो भन्ने उनको मान्यता छ। उनको यो मान्यता कला सिर्जनामा पनि ओझेल परेको छैन। परम्परागत सामन्ती संस्कारवाट मुक्त हुन, कुहेको समाज वदल्न, आफ्ना जिन्निएका व्यथावाट मुक्ति पाउन आफै जुट्नुपर्छ भन्ने उनको ठनाइ चित्रमा उज्यालिएर आएको छ। यही विचारमा उत्साहवर्द्धक र जनप्रतिवद्ध गति उनमा रहेको छ। पानी रङ, तेल रङ, अँगार, रातो माटो, पहेंलो माटो, कमेरो आदि रङवाट उनले अमूल्य र अमर कलाको सिर्जना गरेका छन्। यो उनको कलागत विशेषता हो। यसका साथै आफ्ना चित्रहरू झोलामा वोकेर ठाउँठाउँमा जाने र सडक, चौतारीमा आफ्ना चित्र प्रदर्शन गर्दै जागरणको विगुल फुक्ने जनकलाकार हुन् – कुलमानसिंह भण्डारी। यस कृतिमा भने उनी प्रारम्भिक चरणमा कलाप्रति रुचि वढाउने आफ्ना गुरुहरूको स्मरण गर्दै फुलेल भएका छन्। सारमा भन्दा आफूलाई कलायात्रामा प्रतिवद्ध भएर हिँड्न प्रेरणा दिने कलाकार गुरुहरूको सम्झना र अन्तर्वार्ता लिने सदिच्छा नै "मेरा कलाकार गुरुहरू" भन्ने पुस्तकको जन्म हो।

"मेरा कलाकार गुरुहरू" भन्ने पुस्तकमा कलाकार भण्डारीले आफ्ना नौजना गुरुहरूसँगको सम्पर्क, प्राप्त प्रेरणा; कलाप्रतिको दृष्टिकोण र मान्यतालाई प्रस्तुत गरेका छन्। यी नौजना गुरुहरूमध्ये सर्वप्रथम "वाग्लुङ्का कलाशिल्पी मोहनमानसिंह वज्राचार्य"सँगको भेटवार्ता प्रस्तुत छ। यसमा भण्डारीले भूमिकासहित गुरुसँग चारवटा प्रश्न राखेका छन्। आफ्ना गुरुको अवस्था र परिचय दिइएको यस भेटवार्तानामक प्रस्तुतिभित्र 'केही अनुभव' शीर्षकमा वाग्लुङ अनि कलाको सन्दर्भ र मोहनमान सिंहको अवस्थाको चित्रण छ। निगालाको नलीमा वुट्टा भर्ने वज्राचार्यको कलाप्रति लेखकको आकर्षण छ र आफ्ना गुरुको दयनीय अवस्थाका कारण थिल्थिलिएको मुटुवाट छुटेको भक्कानाले कलाकारको वास्तविकता उदाङ्गो वनाएको छ।

"म मास्केजीको चेलो" भन्ने दोस्रो प्रस्तुतिमा आफ्ना वाले वाल्यकालमा कलाको इलम सिक्न लैजाँदाको अमिट छाप संस्मरणात्मक रूपमा उल्लिखित छ। लेखकको अवस्था गुरु मास्केको परिचयभित्रको मिठो समन्वय यस लेखमा पाइन्छ। लेखकका अनुसार "धेरै जना चेलाहरू कला अध्ययनको वाटो तय गर्दा चन्द्रमान मास्केज्यूको रेखाकारिता र रङ पोताइको जगवाट उठेर पौराणिक र आधुनिक कला मन्दिरको गजुर छुन सक्ने अवस्थामा पुगेका छन्" भन्ने मूल्याङ्कन छ। तिनै गुरुका सामीप्यमा रहँदा लेखकले गौरव गरेको प्रस्तुति यहाँ छ।

"आदरणीय गुरु तेजवहादुर चित्रकारप्रति कृतज्ञता" भन्ने लेखमा १९९८ सालको हिउँदमा लेखकले चित्रकलासम्वन्धी इलम सिक्दाका प्राप्तिहरूको संस्मरणात्मक प्रस्तुति छ। यसका साथै आफ्ना गुरुको परिचय दिन लेखक अगाडि नै छन्।

यस सङ्ग्रहको अर्को लेख "कलाशिल्पी मङ्गलवहादुर पौडेलसँग" भन्ने हो। वि.सं. २०४१ मा हस्तकलासम्वन्धी प्रदर्शनमा जाँदा यो लेख जन्मिएको लेखकको मत छ। वाँसको भाटो, कप्टेरो, ढुङ्ग्रो र त्यसका टुक्राबाट विभिन्न वस्तुका आकृति बनाउने कलाकार मङ्गलवहादुरको जीवनी, दयनीय अवस्था र उनको कलागत उच्चताको प्रस्तुति यसमा छ। लेखकले मूल्याङ्कन गर्दै "दाउरा वाल्नसमेत असजिलो पर्ने वाँसका जरालाई कला पारखीले बैठकमा सजाउन लायक वस्तु बनाउन सक्ने प्रतिभा भएका यस्ता कला शिल्पीहरूको उचित कदर भएमा यस्ता नयाँ प्रतिभाहरू अरू पनि उदाउने वातावरण वन्न जानेछ र साथै देशको गौरव बढ्नेछ भन्ने लाग्यो" उल्लेख गरेका छन्।

"वा र म" यस पुस्तकमा समाविष्ट अर्को संस्मरण हो। आफूलाई चित्रकार बनाउन आफ्ना पिताले देखाएको सद्भावना, गरेका टिप्पणी, जोडिदिएका सामग्री तथा मनकन्थे चित्रहरू नवनाउने चेतावनी र फासला छुट्याउन सिक्दाका संस्मरणहरूको क्रमवद्ध प्रस्तुति यसमा छ।

"कार्चोपी कलाकार पारसमणि" सँगालाको छैटौं प्रस्तुति हो। रेसमी धागाले कार्चोपीभरि अनुहार बनाउने पारसमणि र लेखक मास्केजीका चेला हुँदादेखिको चिनारी खोतलिएको छ। पारसमणिको "यो कार्चोपी इलमले जतिसुकै नाउँ चले पनि मैले खान नपाएर मर्नुपर्नेसम्म हुनसक्छ" मार्मिक कथनले पाठक स्तब्ध बन्छ। यसमा स्तालिनको तस्विर प्रसङ्ग अनि मार्क्सवादी दर्शनको परिचय र साथीभाइको हार्दिकताभित्र पारसमणिको जीवनी छ।

निगालाको नलीमा बुट्टा भर्ने "कला शिल्पी चामु गुभाजू"सित लेखकले अन्तर्वार्ता लिएका छन्। त्यस अन्तर्वार्तामा चामु गुभाजूको विस्तृत परिचय समेटिएको छ। लेखकले व्यक्ति रेखाचित्र र अन्य कलात्मक रेखाचित्रमा उनलाई नामुद मानेका छन्। लेखकको "चामु अनुहार र लवाइमा पहाडिया मगर हुन् कि जस्ता देखिने झाम्रे खालका भए पनि त्यहाँका सवै जनताको अगाध आदर भएको उनको व्यक्तित्व पाएको छु" भन्ने टिप्पणी छ। उनको साधना क्षेत्र वाग्लुङ रहेको पनि जनाइएको छ।

"मैले चित्रकला इलम सिक्दाको सुरुको वेला" भन्ने संस्मरणमा भण्डारीका वा पल्टनमा भर्ती भएका र उनको नेपालगन्ज व्यारेकमा सरुवा भएपछि मसुरीशमशेर जबरासित कला सिक्दाको स्मृतिमय चित्रण छ।

यस सँगालाको अन्तिम संस्मरण "वालकृष्ण समवाट तेलरङको चित्र बनाउन सिकें" हो। यसमा आफ्ना वासँग पहिलोपटक वालकृष्ण समकहाँ पुगेको, जदौ गरेको, समको रङप्रतिको मोह र पारिवारिक वातावरण, साहित्यिक चहलपहल, पुतलीको विवाह प्रसङ्ग, समजीकी छोरी ज्वाला समको चित्रकारिताप्रतिको लगाव, प्रदर्शनी प्रसङ्ग आदिको उल्लेख छ। "दर्जा, सत्ता र सम्पन्नताले गर्दा खर्चिलो इलम भए पनि कठिनाइ देखिंदैन। खर्च फुर्मास गर्नमा कन्जुस्याइँ गर्नु नपर्ने यी वालकृष्ण शमशेरलाई मेरो हितैषी गुरुका रूपमा मान्दछु" भन्ने आत्मस्विकारोक्ति यस संस्मरणमा लेखकका तर्फवाट रहेको छ।

यसरी आफूलाई विभिन्न कला, सीप सिकाउने नौजना गुरुप्रति आदरभाव प्रकट गरिएको संस्मरणात्मक प्रस्तुति यसमा छ। यही आदरको श्रद्धापूर्ण भावना नै "मेरा कलाकार गुरुहरू" भन्ने पुस्तक हो। यस आदरभित्र आफूलाई सिकारु ठानेर "जनतावाट सिक र जनतालाई देऊ" भन्ने शैलीमा आफ्नो कलायात्राको पनि परिचय दिन लेखक सफल छन्। सरल, सहज र स्पष्ट यी संस्मरण आकर्षक शैलीमा लेखिएका छन्। कला क्षेत्र, आफ्ना गुरुहरू र आफूवीचको त्रिकोणात्मक सम्वन्धको परिचयात्मक संस्मरण गर्न यसका लेखक सक्षम र सफल छन्।"

## ३. जीवनीको संक्षिप्त रेखाङ्कन :–

"मेरा कलाकार गुरुहरू" पुस्तकको समीक्षापछि कुलमानसिंह भण्डारीको जीवनीको रेखाङ्कन गर्दै उनका

वारेमा खोज अघि वढाउने मेरो सोचअनुसार "कलाकार कुलमानसिंह भण्डारी" (सार्थी, २०५५) लेख प्रकाशित भयो। लेखक कलाकारको जीवनको छाप लेखन र कलामा पनि पर्ने यथार्थलाई यस सन्दर्भमा भुल्न हुँदैन। त्यस लेखको आधार लिंदै (केही नयाँ तथ्यहरू पनि थपेर) उनको जीवनीको संक्षिप्त रेखाङ्कन गर्नु यस सन्दर्भमा उपयुक्त नै देखिन्छ।

### ३.१. जन्म र जन्मस्थान :-

कुलमानसिंह भण्डारीको जन्म वि.सं. १९८२ माघ २१ गते सोमवारका दिन काठमाडौं जिल्ला, तीनथाना गा.वि.स. नैकाप वडा नं. ५ मा भएको हो।

### ३.२. मातापिता :-

कुलमानसिंह भण्डारीकी आमाको नाम देवकुमारी भण्डारी र पिताको नाम यकवहादुर भण्डारी हो।

### ३.३. विवाह र सन्तान :-

कुलमानसिंह भण्डारीको विवाह चैतन्यकुमारी (भण्डारी)सँग २००३ साल असार ८ गते भएको हो। चैतन्यकुमारीवाट प्राप्त जानकारी उनका चार छोरा र एक छोरी गरी पाँच सन्तान छन्।

### ३.४. शिक्षा :-

कुलमानसिंह भण्डारीले औपचारिक शिक्षा प्राप्त गरेको पाइँदैन। जुद्धकला पाठशालामा २ वर्ष (१९९९-२०००) औपचारिक शिक्षा पढे पनि तह उत्तीर्ण नभएको उनको कथन छ। उनले कलासम्वन्धी विविध तालिम भने लिएको पाइन्छ। काठमा वुट्टा भर्ने कला, चित्र उतार्ने कला, मूर्ति वनाउने कला, रूखका जरा तथा हाँगामा वुट्टा भर्ने कला आदि उनका तालिम तथा शिक्षा हो।

### ३.५. पेसा र कार्य :-

आफ्नो जागिरे जीवन, पेसा र निवृत्तिभरणका वारेमा भण्डारीको लिखित स्विकारोक्ति यस्तो छ–

> "मैले २०१३ सालमा खुल्ला प्रतियोगिता जाँचमा छानिई घरेलु उद्योग विभागको क्युरिओ शाखाको प्रमुख शिक्षक ननगजटेड द्वितीय श्रेणीको पदमा नियुक्त पाएको थिएँ। त्यस क्युरिओ शाखामा तालिम लिनका लागि छानिएका विद्यार्थीहरूलाई क्युरिओ डिजाइन विषय सिकाउने गरेको थिएँ। वार्षिक जाँचमा प्रथम, द्वितीय र तृतीय भई उत्तीर्ण भएका विद्यार्थीहरूलाई फेरि २ वर्ष उच्च शिक्षाको तालिम दिई दक्ष विद्यार्थी तुल्याउने गरिएको थियो। यसरी वर्सिनै तालिममा लिइने विद्यार्थी र वार्षिक जाँचवाट छानिएका विद्यार्थीहरूलाई समेत डिजाइन सिकाउने काम ३१ वर्षसम्म गरें। निजामती कितावखानाले मेरो जागिर ६० वर्ष म्याद पुगेको कागत घरेलु उद्योगमा पठाएकाले मवाट विभागले पाइराखेको अरू विविध कामसमेतलाई ध्यानमा राखी २ वर्ष म्याद थपेर जागिर कायमै रहँदा फेरि सेवामा संलग्न भैरहन सौभाग्य मिलेको थियो। यसरी ३१ वर्ष प्रमुख शिक्षक ननग्याजेटेड प्रथम श्रेणीको प्राविधिक जागिरवाट २०४४ सालवाट मात्र निवृत्तिभरणको पेन्सन पकाई घरमा नै वसेको छु।"

लामो समयको जागिरे जीवनपश्चात् आफ्नै कला पेसावाट वाँच्न र परिवारको दैनिक खर्च चलाउन खोजेका कलाकार कुलमान सिंहले लेखेका छन्–

> "हाल मूर्तिकला चित्रकला मन्दिर नामको संस्था घरेलु उद्योग विभागमा २०५२ सालमा दर्ता गरेर आर्ट ग्यालरी खोलेको छु। कीर्तिपुर लायकू वडा नं. १ मा सो स्टल छ। छोरा रामकृष्ण भण्डारीले ढुङ्गा र काठको मूर्तिकला वनाउँछ। म चित्रकला लेख्ने गरिरहेको छु। यसरी २०५२ सालदेखि कीर्तिपुरमा कला व्यवसाय गरी सपरिवार वसोवास गर्दै आएका छौं।" (लिखित जानकारी)।

### ३.६.– मृत्यु :–

वि.सं. २०५७ साल साउन २ गते चित्रकार कुलमानसिंह भण्डारीको निधन भएको हो । भण्डारीको मृत्युमा झस्कँदै लेखेको मेरो टिपोट छ– "सधैंझैं पत्रिका पल्टाउँदा साउन चार गतेको 'कान्तिपुर'को चौथो पातोको सुरुको शीर्षक पढेर म नराम्ररी झस्किएँ । "वरिष्ठ चित्रकार रहेनन्" भन्ने शीर्षक तल उही परिचित तस्विर देखेर पत्रिका पसलमा नै चिटचिट पसिना आयो । मलाई त्यसपछिका हरफ पढ्न मन लागेन ।··· गहिरो चोटले धड्केको मुटु बोकेर कोठामा फर्केको पत्तै पाइन । उफ् ! त्यो मृत्युले भण्डारीको त्यत्रो उत्साह जाँगर र सिर्जनात्मक लगनशीलतालाई किन ठट्टा गऱ्यो होला···।"

त्यसबेला 'कान्तिपुर' पत्रिकामा नपढेका हरफहरूमा लेखिएको छ–

> काठमाडौं ३ साउन
>
> प्रगतिशील विचारधाराका धनी व्यक्तित्व वरिष्ठ चित्रकार कुलमानसिंह भण्डारीको सोमवार राति ११:५८ बजे शिक्षण अस्पतालमा निधन भएको छ । उहाँको शवलाई मंगलवार दाहसंस्कार गरियो ।
>
> मरणोपरान्त आफ्नो शवलाई सार्वजनिक प्रयोगका लागि अस्पताललाई हस्तान्तरण गर्ने इच्छापत्र गरिसकेका स्व. भण्डारीको शवलाई नेपालमा कानुनी व्यवस्था नभएको कारण नलिइएको जानकारी त्रि.वि. शिक्षण अस्पतालका निर्देशक गोविन्दप्रसाद शर्माले दिनुभयो ।"
>
> (कान्तिपुर, बुधवार ४ साउन, २०५७)

भण्डारीले आफ्ना आँखा दान गरेकाले आँखा भने प्रत्यारोपण गरेको बुझिन्छ ।यस सन्दर्भमा भण्डारीको लिखित स्विकारोक्ति यस्तो छ–

> "मरेको मान्छेको आँखा अन्धाअपाङ्गको आँखा अवतरण गरेपछि उक्त अन्धाले देख्छ भन्ने सुनेपछि आफ्ना आँखा पनि मरणोपरान्त अन्धाअपाङ्गलाई आँखा दान दिने कुराले मनलाई उकासिरहेको थियो । तिलगङ्गा आँखा अस्पतालमा गएर सोका सम्बन्धमा वढी कुरा जानकारी गर्न जान भ्याइराखेको थिइन ।
>
> हाल आएर भैरव रिसालले आफू र श्रीमतीसमेतको मरणोपरान्त लास हस्तान्तरण (दान) कुराको प्रक्रियामा काम भैसकेको सुनेपछि मेरो मन पनि झन् त्यतापट्टि उचालियो । यो कुरा पो ठिक जस्तो लाग्यो र भैरव रिसाललाई भेटी कुरा गरें । तिलगङ्गा आँखा अस्पताललाई आँखा दान दिएर अस्पताललाई लास दिने कि ? भनेर सोध्दा सिङ्गै लास अस्पताललाई दिने जसले जे-जे अङ्ग जजसलाई जुनै अङ्ग दिन मिल्छ अस्पतालले नै गर्छ । हामीले सगुल्टो लास दान दिने हो भनेका थिए । यो कुरो मलाई ठिक लाग्यो ।
>
> त्यस कामको सिलसिलामा ०५६ को चैत्रमा वीर अस्पतालका डाइरेक्टरलाई भेटी कुरा गर्दा पुरानो रीतिको दाहसंस्कार भाइ, छोरा, गुठियार र समाजका कुरा उठाएका थिए । मरेको लास भाइ, छोरा र गुठीको हकदावी लाग्ने, दानी व्यक्तिले दिएको लासदान अस्पतालले लिन नपाउने लिएमा मुद्दा लाग्ने, गृहमन्त्रालयले भाइ, छोरा र गुठीलाई नै जिम्मा दिन सक्ने र अदालतलाई मुद्दा हाल्न सक्ने हुनसक्छ भनेको । लासदान वारेमा कानुन नबनेको हुँदा हामीले यसवारे जवाफ दिन सक्दैनौं भनेका । कोही नेपालीले मरणोपरान्त लासदान दिइसकेको कुरा सुनेको हुँदा यहाँ आएको हुँ भनेपछि त्यसो भए टिचिङ अस्पतालमा बुझ्नु भनेका र त्यहाँ डाक्टर पढ्ने विद्यार्थीलाई चाहिन सक्छ भनेका हुँदा यो त्रि.वि. अस्पतालमा आएको हुँ । यस शिक्षण अस्पतालका निर्देशकज्यूबाट आज्ञा भएअनुसार यो शिक्षण अस्पताललाई दिने निवेदनमा आफ्ना भएभरका कुराहरू पारी आफ्नु

मरणोपरान्तको लास हस्तान्तरणमा कसैको र कुनैको पनि हक नलाग्ने व्यहोरा पारी निवेदन दर्ता गर्नु भनेको हुँदा यो निवेदन लेखेको छु ।"

यस प्रसङ्गवाट भण्डारीको विचार प्रस्ट हुन्छ । उनको लासदान गर्ने इच्छा पूरा नभए पनि नेपाली समाजमा नयाँ कदमको सुरुवातमा उनको यो इच्छा र दृढता अवश्य स्मरणीय छ ।

## ४. चित्रकला मुख्य सिर्जना क्षेत्र :-

भण्डारीको मुख्य सिर्जन क्षेत्र चित्रकला हो । उनले विविध रङको प्रयोग गरेर वैचारिक, सजीव र यथार्थवादी चित्र सिर्जना गरेका छन् । उनका चित्रमा वर्गीय स्वर छ, संघर्ष र मुक्तिको चाहना छ । उनले रुग्ण संस्कारको विरोध गर्दै परिवर्तित जीवनदृष्टिको पक्षमा आफ्ना चित्र प्रस्तुत गरेका छन् । माटो, ढुङ्गा, अँगार आदि घरेलु रङवाट चित्र वनाउने भण्डारी जनपक्षीय धारका कलाकार हुन् ।

उनले आफ्ना चित्रहरूको प्रदर्शनी विभिन्न ठाउँमा गरेका छन् । आफ्ना कलासिर्जनाको तस्विर झोलामा वोकेर ठाउँ-ठाउँमा पुग्नु र चौतारी, वाँटो, स्कुल आदिमा आफ्ना चित्रप्रदर्शन गर्नु उनको मौलिक शैली हो । आफ्ना चित्रको भाव जनतालाई वुझाएर जागरणको सन्देश जनतामा पुऱ्याउने भण्डारीको योगदान यस सन्दर्भमा विर्सन मिल्दैन ।

वि.सं. २००२ देखि नै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका एकल तथा संयुक्त चित्रकला प्रदर्शनी गर्दै र त्यस्ता प्रदर्शनीमा उनी सहभागी हुँदै आएको देखिन्छ । उनको पहिलो कला प्रदर्शनी भने राष्ट्रिय उद्योग प्रदर्शनी (२००० मा सरकारको आयोजनामा भएको कला स्टल)मा सहभागी भएर सुरु भएको थियो । वि.सं. २००८ मा ललितपुरमा भएको कला प्रदर्शनीमा आफ्ना पच्चीसवटै चित्र विक्री भएकाले यस क्षेत्रमा अझ आकर्षित भएको उनको आत्मस्विकृति पाइन्छ । यसरी नै वि.सं. २०१७ मा परोपकार संस्थाद्वारा आयोजित चित्रकला प्रदर्शनीमा उनको सहभागिता देखिन्छ । यस प्रदर्शनीमा भण्डारीको मकैको गेडावाट निर्मित वुद्धको मूर्तिले द्वितीय पुरस्कार प्राप्त गरेपछि उनको रुचि कला क्षेत्रमा एकोहोरिदै गएको प्रस्ट हुन्छ । यसका अतिरिक्त वि.सं. २०२० मा काठमाडौंको लगनटोलमा एकल चित्रप्रदर्शनी वि.सं. २०२१ मा वनेपा र २०४५ सालमा पल्पसा आर्ट ग्यालरीमा पनि एकल चित्र प्रदर्शनी गरेर उनले यस क्षेत्रमा आफ्नो उपस्थिति देखाउन विर्सेनन् ।

अन्तर्राष्ट्रिय स्तरमा भने सन् १९५३ मे ५ तारिखमा नयाँ दिल्लीमा अल इन्डिया आर्ट र क्राफ्टसको आयोजनामा भएको द्वितीय अन्तर्राष्ट्रिय कला प्रदर्शनीमा उनले पहिलो सहभागिता जनाए । यसरी नै १९६३ मा काउन्सिल फर नेपालीज एफियर्सद्वारा दिल्लीमा भएको आधुनिक चित्रकला प्रदर्शनीमा पनि उनको सहभागिता देखिन्छ । पुरातत्व विभांगले २०२० सालमा आयोजना गरेको चित्रप्रदर्शनी र भारतको पटनास्थित वार्षिक कला प्रदर्शनी (२०२१)मा पनि उनको सहभागिता देखिन्छ । यसरी उनको साधना क्षेत्र चित्रकला नै रहेको देखिन्छ ।

## ५. साहित्य लेखनको प्रेरणा र प्रथम प्रकाशित रचना :-

भण्डारीको रुचि साहित्यलेखनमा पनि रहेको पाइन्छ । उनले कविता, गीत, संस्मरण आदि लेखेका छन् । साहित्यलेखनको प्रेरणाका सन्दर्भमा उनको मत छ– "वि.सं. २००१ सालमा वालकृष्ण समसँग इलम सिक्दा र २००२ सालमा 'शारदा' पत्रिकामा काम गर्दाको साहित्यिक वातावरणवाट प्रेरणा प्राप्त भएको थियो ।" यसरी नै प्रथम प्रकाशित रचनामा "नवभारत टाइम्स"मा "चार किसान गीत" हो । यो रचना सन् १९५२ जुलाईमा प्रकाशित भएको पनि उल्लिखित छ ।

## ६. प्रकाशित कृति :-

कुलमानसिंह भण्डारीको जीवनकालमा एक मात्र कृति "मेरा कलाकार गुरुहरू" (२०५४) प्रकाशित भएको

पाइन्छ। यसबाहेक उनको "कुलमानसिंह भण्डारीका गीत र कविता" (२०६१) र सयौं फुटकर रचना पत्र-पत्रिकामा प्रकाशित छन्। यी रचना सङ्कलन गरी प्रकाशन गर्ने कार्य भने हुन सकेको छैन।

## ७. संलग्नता :–

कलाकार कुलमानसिंह भण्डारीको विविध संघ-संस्थामा संलग्नता देखिन्छ। उनी नेपाल कला समिति केन्द्रका सदस्य, नेपाल ललितकला संस्था "नाफा"का साधारण सदस्य, नेपाल कलाकार समाजका सदस्य, ललितकला एकेडेमी विधान मस्यौदा समितिका सदस्य भएर संस्थागत रूपमा क्रियाशील भएको पाइन्छ। यसरी नै नेपाल वालसाहित्य समाज, प्रगतिशील लेखक संघ, नेपाल मानव अधिकार सङ्गठन आदिमा पनि उनको संलग्नता देखिन्छ।

## ८. पुरस्कार र सम्मान :–

लामो समयसम्म चित्रकला, साहित्य लेखनमा समर्पित व्यक्तित्व कुलमानसिंह भण्डारीलाई विविध पुरस्कार र सम्मानबाट आदर गरिएको पाइन्छ। यी पुरस्कार र सम्मानमध्ये 'राष्ट्रिय प्रतिभा पुरस्कार' (२०५२) र 'युद्धप्रसाद मिश्र स्मृति पुरस्कार (२०५२) महत्वपूर्ण छन्। यसका साथै वि.सं. २०११ सालमा कला क्षेत्रमा 'द्वितीय पुरस्कार' २०१७ सालमा पोस्टर प्रतियोगितामा द्वितीय पुरस्कार प्राप्त गरेका भण्डारी वि.सं. २०५० मा पासाङ ल्हामु सेर्पाको भाव चित्र प्रदर्शनीमा चाँदीको पदकवाट सम्मानित भएको पाइन्छ। यस किसिमका पुरस्कार–सम्मानले पनि कुलमानसिंह भण्डारीको कला-साहित्य साधनामा उत्प्रेरणा दिएको तथ्य स्मरणीय छ।

## ९. उनका स्मृतिमा भएका कार्यहरू :–

कुलमानसिंह भण्डारीको मृत्युपछि उनका स्मृतिमा कार्यहरू भएका छन्। उनका कृतिहरू संरक्षण, प्रकाशनको कार्यको थालनी भएको छ। उनको योगदानको कदर गर्दै पुरस्कार र सम्मान दिइएको छ। यस्तै उनको स्मृति ग्रन्थ प्रकाशन गर्ने तयारी भएको छ। विभिन्न विद्वान्हरूले उनका कला, साहित्यका वारेमा मूल्याङ्कन गरेर उनको योगदानलाई कदर गर्ने कार्य पनि हुँदै आएको छ। यस अवधिमा उनका स्मृतिमा भएका कार्यलाई तलका उपशीर्षकमा हेर्न सकिन्छ।

### ९.१. कुलमानसिंह भण्डारी स्मृति ग्रन्थ प्रकाशन समिति :–

कुलमानसिंह भण्डारीको समग्र व्यक्तित्वलाई चिनारी दिने उद्देश्यले कुलमानसिंह स्मृति ग्रन्थ प्रकाशन समिति (२०५८) गठन भएको पाइन्छ। यस समितिका पहलमा 'स्मृतिग्रन्थ' प्रकाशनको तयारी भएको छ। यस प्रसङ्गमा यो समाचार स्मरणीय छ–

> काठमाडौं/ वरिष्ठ चित्रकार, मूर्तिकार एवं प्रगतिशील साहित्यकार कुलमानसिंह भण्डारीको योगदान तथा जीवनीलाई प्रकाशमा ल्याउने उद्देश्यले माघ १६ गते सहिद दिवसको दिन "कुलमानसिंह भण्डारी स्मृतिग्रन्थ प्रकाशन समिति"को स्थापना गरिएको छ। नेपाली साहित्य तथा चित्रकलासँग सम्वन्धित विशिष्ट महानुभावहरूको वृहद् भेलाले प्रगतिशील साहित्यकार जनकप्रसाद हुमागाईंको अध्यक्षतामा १३ सदस्यीय समिति तथा ११ सदस्यीय सल्लाहकार समितिको गठन गरेको छ। जसको सचिव वलभद्र भारती, कोक्षाध्यक्ष भक्तवहादुर नेपाली, सदस्यहरू जीवेन्द्रदेव गिरी, के.के. कर्माचार्य, मातृका पोखरेल, हरिगोविन्द लुइटेल, मोहन दुवाल, सीता शर्मा, वासुदेव अधिकारी, रामकृष्ण भण्डारी, राजन काफ्ले तथा शान्तकुमार राई रहनु भएको छ। यसै गरी सल्लाहकारहरूमा शान्तदास मानन्धर, गोविन्द भट्ट, मोदनाथ प्रश्रित, श्यामप्रसाद, निनु चापागाईं ठाकुरप्रसाद मैनाली, गंगाप्रसाद उप्रेती, भवानी घिमिरे, केवलपुरे किसान, चूडामणि रेग्मी तथा आनन्ददेव भट्ट रहनुभएको छ। समितिले छिट्टै नै कुलमानसिंह भण्डारीका वारेमा समालोचकहरूको मूल्याङ्कन, संस्मरण तथा

योगदानहरूको वृहत् सङ्कलन, मूर्तिकला तथा चित्रकलासँग सम्वन्धित सामग्रीहरूको खोजविन र प्रकाशन गर्ने कामको शुभारम्भ गर्ने बताइएको छ।

(प्रकाश, वर्ष १९, अङ्क ५०, २०५८ साल माघ २२ गते सोमवार)

## ९.२ पारिजात कला पुरस्कार– २०५९ :-

पारिजात स्मृति केन्द्रले "पारिजात कला पुरस्कार" (२०५९) मरणोपरान्त कलाकार कुलमानसिंह भण्डारीलाई प्रदान गरेको छ। यस सम्मानमा भनिएको छ– "यथार्थवादी कला सृजनामा उल्लेखनीय योगदान पुऱ्याएवापत् कुलमानसिंह भण्डारीलाई मरणोपरान्त 'पारिजात कला पुरस्कार–२०५९" प्रदान गरिएको छ।

## ९.३. स्मृति कार्यक्रम :-

कलाकार कुलमानसिंह भण्डारीका स्मृतिमा सिर्जना कन्टेम्पोररी आर्ट ग्यालरीमा मूर्तिकला प्रदर्शनी (२०५९) राखिएको भेटिन्छ। "सिर्जनाका स्वरहरू" शीर्षकको उक्त प्रदर्शनीमा भनिएको छ– वरिष्ठ कलाकार स्व. श्री कुलमानसिंह भण्डारीज्यूको स्मृतिमा कीर्तिपुर अरनिको कला केन्द्रद्वारा आयोजित मूर्तिकार श्री रामकृष्ण भण्डारीज्यूको दोस्रो एकल मूर्तिकला प्रदर्शनी।" यस कार्यले कुलमानसिंह भण्डारीको योगदान पुनः स्मृति गराएको तथ्यलाई विर्सन मिल्दैन।

## ९.४. 'कुलमानसिंह भण्डारीका गीत र कविता'(२०६१) कृति प्रकाशन

कुलमानसिंह भण्डारीका रचना संरक्षण गर्ने उद्देश्यअनुसार विभिन्न पत्रपत्रिकामा प्रकाशित उनका गीत–कविता सङ्कलन गरी "कुलमानसिंह भण्डारीका गीत र कविता" (२०६१) प्रकाशित भएको छ। यसका प्रकाशनका सन्दर्भमा भनिएको छ– "यो कविता र गीतको सङ्कलन हो। यसमा पत्रपत्रिकामा छरिएका उनका गीत र कविता मात्र सङ्कलन गरिएको छ। यस सङ्ग्रहमा उनका वि.सं. २०१० (१९५२) देखि वि.सं २०५७ सम्म (मृत्युपछिका पनि) विविध पत्रपत्रिकामा छापिएका गीत-कविता मात्र सङ्कलन गरिएको छ। यस क्रममा भरसक कविता रचना मिति र प्रकाशन मिति पनि दिइएको छ।"

यसरी नै उनका कविताको मूल्याङ्कन यस कार्यमा भएको छ। मूल्याङ्कनका सन्दर्भमा भनिएको छ– "यस सङ्ग्रहमा उनको कला विचार र कवित्वको अन्तरघुलन छ। कवि रेखाको कविता कोर्छन्, रङको भाव पोत्छन् र रेखाभित्रको विम्वका वारेमा सोच्छन्। उनी गरिवी र विद्रोहमा समाज पढ्छन् र चित्रमा झैं कवितामा उतार्न खोज्छन्। प्रेम होस् वा व्यवहारमा उनी वर्ग ममता भुल्दैनन्। त्यसैले उनी कवितामा यही भाव भर्न उत्सुक छन् र पनि उनी साहित्यको मर्मभन्दा कलाको अर्थमा वढी सचेत छन्। चित्रमा रेखा र रङसँगै यथार्थभाव उतार्न रुचाउने उनी शब्दचित्रमा पनि यसलाई विर्सिदैनन्। उनी समाजका मर्म र वर्गसँग परिचित छन्। समाजको वर्गीय धरातलमा उनी गरिव वर्गका पक्षमा उभिएर मुक्तिका वारेमा आफ्नो उपस्थिति देखाउन चाहन्छन्। यो सचेतता पनि कवितामा आएको छ। कवि वैचारिक पक्षमा स्पष्ट छन् तर त्यो स्वर प्रतिवद्ध भएर पनि कवितामा भने प्रभावकारी रूपमा आउन सकेको छैन। उनको अभिव्यक्ति सरल र सहज छ यही नै यसको प्राप्ति हो।"

## ९.५. फुटकरसन्दर्भ –

यस किसिमका कामका अतिरिक्त उनका स्मृतिमा, उनका वारेमा विविध लेखरचना प्रकाशित भएका छन्। यस प्रकारका लेखरचनालाई फुटकर सन्दर्भ भनिएको हो। यहाँ यी लेख रचनाको सूची सान्दर्भिक ठानिएको छ। फुटकर लेखहरूमा भण्डारीको स्मृति, व्यक्तित्व, विचार, कला, राजनीति, सङ्गठनात्मक कार्यसम्वन्धी मूल्याङ्कन नै मुख्य रहेको छ। यी लेखहरूमा उनका जीवन र कार्यका विविध पक्ष उजागर भएकाले यहाँ समीक्षात्मक प्रस्तुति गरिएको छ।

### ९.५.१. कान्तिपुर, २०५७, साउन ४।

यस कार्यमा भण्डारीको मृत्युसन्दर्भ, जीवनी, कलासम्वन्धी कार्यको जानकारी, प्रकाशित कृति, पारिवारिक

सन्दर्भ र स्मृति कार्यक्रमका वारेमा जानकारी दिइएको छ। सूचनात्मक र जानकारीमूलक लेखन यसमा आएको छ।

**९.५.२. जनकप्रसाद हुमागाईं "एउटा कलाकार मित्रको सम्झनामा" प्रकाश, २०५७, साउन ९ र १६।**

हुमागाईंको यो लेख भण्डारीको मृत्युप्रसङ्गवाट आरम्भ भएको छ। मार्क्सवादी चिन्तन र दर्शनमा रहँदा नै लेखक र भण्डारीका वीच मित्रता भएको खुलासा पनि यसमा छ। कला–साहित्यमा भण्डारीको प्रवेश र सक्रियताको विस्तृत विवरण दिंदा भण्डारीको योगदानको जानकारी यस लेखमा छ। उनका कविता र चित्रको मार्मिक पक्षको समीक्षा पनि यसमा भएको छ। अन्तमा हुमागाईं लेख्छन्–

"संक्षेपमा भन्नुपर्दा कलाकार कुलमानसिंह भण्डारी 'कस्तो हुनुहुन्थ्यो' भन्दा 'उहाँजस्तै हुनुहुन्थ्यो' भन्ने सवभन्दा उपयुक्त हुने देखिन्छ। किनभने जसले उहाँलाई चिनेका छन् जसले उहाँका चित्र हेरेका छन् जसले उहाँका गीत, कविता पढेका छन् तिनीहरूले उहाँको वोली-व्यवहार, उहाँका कलाकृति, गीत-कविता देख्नासाथ सजिलै भन्न सक्छन् यी कलाकृति, गीतकविता कलाकार कुलमानसिंह भण्डारीकै हुन् भनेर जुन कलाकृति गीतवाट उहाँको सेवालाई चिन्न सक्नेछौं। उहाँको अर्को विशेषता सरल वोली, व्यवहार, सिद्धान्तनिष्ट व्यक्तित्व हुनुहुन्थ्यो।"

**९.५.३. जयदेव भट्टराई "कलम र कूची चलाउने कुलमानसिंह भण्डारी" गोरखापत्र २०५७ साउन ९।**

भट्टराईले कुलमानसिंह भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वका वारेमा सूच्यात्मक जानकारी दिएका छन्। उनले कुलमानसिंह भण्डारीलाई श्रद्धाञ्जलीस्वरूप स्मृति गर्दै प्रगतिशील, सहनशील जे भए पनि भण्डारी सृजनशील भएको जनाएका छन्। यस प्रसङ्गमा उनको निष्कर्ष छ– स्रष्टा र साधकको परिचय भनेझैं उसको सिर्जन र साधना मात्र हो।

**९.५.४. मोहन दुवाल "मेरो सम्झनामा जनपक्षीय कलाकार भण्डारी" जनधारणा, २०५७, साउन १२।**

यस लेखमा दुवालले कलाकार कुलमानसिंह भण्डारीको योगदानको मूल्याङ्कन गरेका छन्। भण्डारीका कलासम्वन्धी नान्यता, कार्य र अठोटलाई मूल्याङ्कन गर्दै उनले भनेका छन्–

"मार्क्सवादी चिन्तन वोकेर कलामा सचेतता सिंचन गर्दै कला सिर्जनामा तल्लीन रहेका कलाकार भण्डारीले नेपालमा प्रगतिवादी कला विकास गर्न आफूले सक्दो योगदान पुऱ्याएको देखिन्छ। यस प्रकारले मूल्याङ्कन गरिंदा उनी यस फाँटका सम्भवत: एक मात्र जेठा कलाकारका रूपमा स्मरण गर्नुपर्ने व्यक्तित्व भएका छन्।"

**९.५.५. सुकुम शर्मा "स्मृतिका हरफमा कुलमानसिंह भण्डारी" नयाँमोर्चा, २०५७, साउन २४।**

शर्माले भण्डारीको मृत्युसन्दर्भको उल्लेख गर्दै भण्डारीसँगका संस्मरणहरू यसमा उल्लेख गरेका छन्। यसमा भण्डारीको कार्यशैली, सहयोगी भावना र जीवन दृष्टिको संस्मरणात्मक प्रस्तुति छ।

**९.५.६. श्यामप्रसाद "कुलमानसिंहको सम्झना" नौलो कोसेली २०५७, असोज १८ र अनुभवहरूको सजीव प्रस्तुति, २०५८।**

कुलमानसिंह राजनीति र सङ्गठनात्मक रूपमा सक्रिय भएको जानकारी यस लेखमा पाइन्छ। सङ्गठनमा आर्थिक कारोवारको जिम्मा भण्डारीको भएको पनि जनाइएको छ। सङ्गठनात्मक गतिविधिमा कुलमानको भूमिका वुझाउन यो लेख महत्वपूर्ण छ। यसवाट भण्डारीको राजनीतिक जीवन, गतिविधि, साङ्गठनिक प्रतिवद्धता र त्यसअनुसारको कार्यको स्पष्ट झलक देखिन्छ। भण्डारीका वारेमा गर्नुपर्ने कार्यलाई जनाउँदै उनी लेख्छन्– " विभिन्न पत्रपत्रिकाहरूमा कुलमानका कविता, लेख, व्यङ्गचित्र आदि रचनाहरू छरिएर रहेका छन्। ती सवैको सङ्कलन प्रकाशित गर्ने गराउने प्रयत्न हुनुपर्छ। उहाँवाट लिइएका अन्तर्वार्ता र उहाँवारे लेखिएका लेखहरूको सङ्ग्रह समेत झिक्नुपर्छ।"

**९.५.७. कौशल पाण्डे "मैले जानेका कुलमानसिंह भण्डारी" प्रयास, २०५०, कात्तिक २।**

पाण्डेले भण्डारीसँगको चिनारी र वैचारिक पक्षलाई यस लेखमा उठाएका छन्। यस सन्दर्भमा उनको यो

मत स्मरणीय छ– "कुलमानसिंह भण्डारी नेपालको एकजना साँच्चिकै देशभक्त कलाकार तथा साहित्यिक सर्जक हुनुहुन्थ्यो । सादा जीवन उच्च विचारको जीवनशैली अपनाउनु हुने भण्डारी कर्म (काम)मा विश्वास राख्ने व्यक्ति हुनुहुन्थ्यो ।"

**९.५.८. नवराज शर्मा "कुलमानसिंह भण्डारी जनताका सच्चा कलाकार" प्रयास, २०५७, कात्तिक ३ ।**

यस लेखमा 'सन्दर्भ', 'उहाँको जीवनीको संक्षिप्त झाँकी' र 'मेरो सम्झनाको पाटोमा भण्डारी' भन्ने उपशीर्षकभित्र भण्डारीका जीवनी, व्यक्तित्व र कृतित्वका विविध पाटाहरूको चर्चा छ । मार्क्सवादी जीवन दर्शन र व्यावहारिक पक्षका वारेमा यसमा चर्चा छ । यस लेखका अन्त्यमा भनिएको छ– जीवितावस्थामै अनेक क्षेत्रमा विख्यात भैसकेको कुलमानसिंह भण्डारीको जीवन र सिर्जनाका विविध पक्षवारे शोधार्थीहरूले प्रयत्न गरेमा ठूलै र महत्वपूर्ण शोधग्रन्थ नै तयार हुनसक्छ भन्ने मलाई लाग्छ । साहित्य, कला र श्रमिक पक्षीय राजनीति कर्मीहरूका लागि स्व. भण्डारीको जीवन अमूल्य प्रेरणास्रोत वन्ने विश्वास मैले लिएको छु ।

**९.५.९. वासुदेव अधिकारी "कला र विचारका पुन्ज : कुलमानसिंह भण्डारी" मुक्तिमोर्चा, २०५७, असोज-पुस ।**

अधिकारीले पनि भण्डारीका मृत्युवाट प्रगतिशील लेखनकलाका क्षेत्रमा आएको रिक्तता र उनको जीवनका सन्दर्भ देखाउँदै भनेका छन्– कुलमानवाट साधना, इमान, अनाडम्वर व्यवहार सिकौं । नपढिएका कुलमानलाई अरू पढौं । नवुझिएका कुरा वुझौं । वेवास्ताको हिलोमा पुरिएका उहाँका कृतिहरूलाई वाहिर ल्याऔं र उहाँलाई श्रद्धाञ्जली अर्पण गरौं । मृत्युपछि चिकित्साशास्त्रका शोधार्थीलाई आफ्नो शव उपलब्ध गराउने उहाँको महान् इच्छा (जो साकार हुन पाएन) र मृत्युपर्यन्त मार्क्सवादी जीवनदर्शन आत्मसात् गर्ने उहाँको निष्ठालाई आत्मसात् गरौं ।"

**९.५.१०. रमेशजङ्ग सिजापति "श्रद्धासुमन कलासाधक कुलमानसिंह भण्डारी" कान्तिपुर (२०५७ माघ २२) र "चित्रकार कुलमानसिंह भण्डारीमा श्रद्धासुमन" दायित्व (२०५८, वैशाख)।**

यी लेखमा भण्डारीको जीवनीका सन्दर्भबाट उनको कलाको मूल्याङ्कन गरिएको छ । भण्डारीसँगको भेटघाट, स्वभाव, सरलता आदिको चर्चा यसमा छ । उनको यो मूल्याङ्कन स्मरणीय छ– "⋯माटाले चित्र वनाउँदा चित्र नवनाउने क्षेत्रमा हामी रङ्गको विषयमा स्वावलम्वी भएका हौं । वजारमा विदेशी रङ्ग किन्न नपाउँदा पनि चित्र वनाउने सम्वन्धमा उठेको भाव (प्लट) विलाएर जान नपाउँदै क्यानभासमा माटो रङ्ग प्रयोग गरी चित्र तयार गर्न सकिन्छ । रङ्गको लागि भौतारिँदै रङ्ग खोजी गर्दैरहनु नपर्ने उदाहरणीय कार्य गरी चित्रकार भण्डारीले देखाउनु भएको छ ।"

**९.५.११. ज्ञानेन्द्र विवश "कलाकार कुलमानसिंह भण्डारी" कान्तिपुर (कोपिला), २०६०, मंसिर ५ ।**

विवशले वालवालिकालाई कलाकार कुलमानसिंह भण्डारीको जीवनी, कला साधना र कार्यलाई जानकारी दिने उद्देश्यले यो लेख लेखेका छन् । यस प्रसङ्गमा विवशले भनेका छन्"उहाँले वनाउने चित्रका विषय पनि सामाजिक जीवनका सामान्य र सरल हुन्थे तर तिनको प्रस्तुति चाहिँ प्रखर हुने गर्थ्यो । उहाँ यही मान्यतामा रहेर जीवनभर नथाकी, हतोत्साही नभई कार्यक्षेत्रमै खटिरहनुभयो ।"

**९.५.१२. मित्रलाल पंज्ञानी "कुलमान" वेदना, २०६१, पुस ।**

पंज्ञानीले "सर्वसाधरण कुलमान", "कलाकार कुलमान", मानवतावादी कुलमान र उपेक्षित कुलमान" शीर्षकमा कुलमानको शब्द स्केच खिचेका छन् । अपत्यारिलो व्यक्तित्व, मर्मयुक्त तीक्ष्ण दृष्टि, मानवतावादी चिन्तक भएको वताउँदै उनले भनेका छन्– "कुलमानहरूको महत्ता पहिचान गर्न नसक्नु नै यो राष्ट्रको दुर्भाग्य हो । कुलमानहरूलाई उपेक्षा गर्ने प्रवृत्तिको गर्भबाट नै वर्तमानको हिंसा जन्म भएको हो ।"

**९.५.१३. रुद्र खरेल "कुलमान दाइको तेस्रो आँखा" तेस्रो आँखा, (२०६१) ।**

रुद्र खरेल कुलमानसिंह भण्डारीको चित्रकलावाट प्रभावित भएर निवन्धात्मक प्रस्तुति दिएका छन् । चित्रका

भावमा जीवनदृष्टि खोजेर कुलमानको व्यक्तित्वको उचाइ नाप्न निबन्धकार लागिपरेका छन् । यस्तै सन्दर्भमा निवन्धकार भन्छन्– कुलमान अमर छन्, अहँ उनी मर्दैनन् । उनका कलामा गरिखाने वर्गहरूका प्रतिनिधि पात्रहरू छन्, परिवेशहरू छन्–, हर्क, विस्मात् आह र आँसुहरू छन्–, सङ्कल्प र सपनाहरू छन् ।" यसरी कृतिका मर्म र दृष्टिवाट कुलमानको सिर्जना परिवेश यस निवन्धमा उतारिएको छ ।

**९.५.१४. निनु चापागाइं "कुलमानसिंह भण्डारीका कलासम्बन्धी केही विचारहरू" उत्तरआधुनिकतावाद भ्रम र वास्तविकता (२०६१)**

भण्डारीका कलासम्बन्धी लेखहरूका माझवाट चापागाईंले उनको कलाकारिता या कलासम्वन्धी विचारको मूल्याङ्कन गरेका छन् । भण्डारी साहित्य र कलामा निरन्तर लाग्ने साधक भएको यथार्थसँगै वौद्धिकविलास उनको कलाक्षेत्र नभएको प्रस्टता यसमा छ । भण्डारीको वैचारिकतालाई केलाउन चापागाईंले यी शीर्षक रोजेर सम्यक विश्लेषण र मूल्याङ्कन गरेका छन्–

क – जनपक्षीय कलाको पक्षपोषण भण्डारीको विशेषता हो ।
ख – कलाको वर्गीय स्वरूपप्रति भण्डारीको प्रतिवद्धता ।
ग – कलाको मूर्ततामा आस्था र अमूर्त कलाको तीव्र विरोध ।
घ – यथार्थवादी कलाको पक्षधरता र अयथार्थवादी कलाको विरोध ।
ङ – अध्यात्मवाद एवम् सामन्ती कला संस्कृतिको विरोध ।
च – नौलो जनवादी कला संस्कृतिको समर्थन ।
छ – जनपक्षीय कलाको उदयसम्वन्धी दृष्टिकोण ।
ज – मार्क्सवादी विचारधाराप्रति आस्था
झ – कलाका विविध विधामाथि प्रकाश पार्ने प्रयास ।
ञ – हास्यव्यङ्ग्य चित्रप्रति विशेष चासो ।
ट – ललितकला एकेडेमीको स्थापनामाथि विशेष जोड ।
ठ – नेकपा (एमाले)को विरोध ।

यी शीर्षकमा विश्लेषण गर्दै निष्कर्षात्मक मूल्याङ्कन भने यसप्रकार छ– "कला वर्गीय हुन्छ, जनपक्षीय कलाकारले जनताको हितलाई सर्वोपरि राखेर कलाको सिर्जनामा क्रियाशील हुनुपर्दछ, जनपक्षीय कलाकार अमूर्त कलाको प्रभाववाट सर्वथा मुक्त हुन सक्नुपर्दछ, आजको नेपालमा जनपक्षीय कलाकारले सामन्ती संस्कृतिका विरुद्ध नयाँ जनवादी विचारलाई आत्मसात् गरी कलाको निर्माण गर्न सक्नुपर्दछ भन्ने लगायतका जेजति विचारहरू उहाँले व्यक्त गर्नुभएको छ यो नै उहाँको अति सवल र महत्वपूर्ण योगदान हो ।"

यसरी भण्डारीका वारेमा स्मृति, जीवनी, कलासाधना, कलाकारिता, वैचारिकता, साङ्गठनिकता आदि क्षेत्रमा मूल्याङ्कन कार्य अघि वढेको पाइन्छ ।

## १०. भण्डारीको कलाकारिता :–

कुलमानसिंह भण्डारी कवि, लेखक र कलाकार हुन् । उनको चित्रकार व्यक्तित्व नै कला क्षेत्रमा स्मरणीय र उच्च छ । उनका चित्र पढ्दा नेपाली जनजीवनको वार्स्तविकता लुक्दैन । त्यसैले भण्डारी यथार्थवादी चित्रकार हुन् । उनका चित्रमा रङ, रेखाभन्दा पनि विचार र भावको गहिराइ तीव्र हुन्छ । उनमा चित्रकारितावाटै मार्क्सवादी चिन्तनलाई हुर्काउन सकिन्छ भन्ने विश्वास र सिर्जनात्मक क्षमता रहेको विर्सन मिल्दैन । यही विचारका कारण उनमा वर्ग स्पष्टता आएको हो । उनले वर्गवोध गरेर नै सामन्ती कलाको विरोध गरेका छन् । जनवर्गीय कला सिर्जनासँगै त्यस किसिमको व्यवहारलाई जोड दिने र अवलम्बन गर्ने कलाकारका रूपमा उनको मूल्याङ्कन गर्न सकिन्छ । चित्रहरू सुस्पष्ट सुवोध्य र यथार्थ धरातलमा सिर्जना गरिनुपर्दछ भन्ने मान्यता राखेका भण्डारी अमूर्त चित्रकलाको विपक्षमा रहेको पाइन्छ ।

उनले पानी र तेलरङमा आफ्ना सिर्जना उतारेका छन्। आफ्नै सीपमा माटो, ढुङ्गा, पातको रस आदिवाट वनाइएको रङबाट पनि उत्तिकै राम्रा, उत्कृष्ट र खपाउ चित्र सिर्जने उनको मौलिक खुवी हो।

विचारको स्पष्ट भाव उनका चित्रमा चित्रित छ। शोषण, अन्याय अत्याचारवाट मुक्ति पाउन उद्देश्यमूलक संघर्षमा आवद्ध हुन उत्प्रेरित गर्ने उनका चित्रहरू नवसमाजको चाहनामा केन्द्रित छन्। नारी शिक्षा, वाँल्न पाउने अधिकार, गरिबीको पीडा, धनी र गरिबको स्थिति, साम्राज्यवादी शक्तिको विरोध, देशीय सामन्तवादको विरोध उनका चित्रमा स्पष्टसँग आएको छ। त्यसैले उनको कलाकारितालाई जनप्रतिवद्ध कलाका रूपमा मूल्याङ्कन गर्नुपर्ने हुन्छ। सम्भ्रान्त वर्गको वैठकको शोभा ठानिने कलाभन्दा विपरीत क्षेत्रमा उनी उभिएका छन्। यसर्थ सामाजिक यथार्थलाई उजागर गर्ने विचारलाई स्पष्टसँग राखेर, त्यसतर्फ उन्मुख हुन आग्रह गर्ने र अधिकारका लागि सचेत पार्ने कलाकार कुलमानसिंह भण्डारी हुन्। उनले इलमलाई विर्सन नहुने र त्यस इलममा पनि "रातो इलम" हुनुपर्छ भन्ने मान्यता राख्थे। त्यही मान्यताले उनलाई जनपक्षीय कलाकार वनाएको यथार्थलाई विर्सन भने मिल्दैन।

## ११. आवरणपृष्ठकलासङ्ग्रह :–

पुस्तकको मुखपृष्ठलाई आवरण या अनुहार भनिन्छ। त्यस अनुहारले कितावको सार बोकेको हुन्छ। त्यस सारलाई कलाकारले आफ्नो सिर्जनात्मक क्षमतामा प्रस्तुत गरेको हुन्छ। वास्तवमा त्यस अनुहारमा कलाकारको सिर्जनात्मक आभा चम्किएको हुन्छ। साहित्य र चित्रकला सम्बन्धित हुने विचारलाई विर्सन मिल्दैन। यस सन्दर्भमा कलाकार कुलमानसिंह भण्डारीसँग कुराकानी पनि भएको स्मरणमा ताजै छ। मैले उहाँलाई "मर्मैमर्म" कवितासङ्ग्रह पढ्न दिदा आवरणका वारेमा कुराकानी भएको र भण्डारीले "अर्को संस्करण हुँदा यो आवरण राख्दा कसो होला" भन्दै वनाइदिएको आवरण मसँग सुरक्षित छ। "ढुङ्गा फोर्ने दिदीको मर्म" भन्ने गीति कविताका भावमा यो आवरण वनाइएको छ। यसमा उनको विचार कविताको भावको स्पष्टता आएको छ। आवरणमा घाँटीसम्म आँसुले डुवेकी नेपाली चेली ढुङ्गा फोर्दा सामन्त, फटाहा र दुःख दिने राक्षसहरूको टाउको फोर्ने सङ्कल्प गरेको भाव छ। यस आवरणमा "मर्मैमर्म" अझै छापिएको छैन। यसपछि साहित्यिक कृति र आवरण पृष्ठको कलाका वारेमा मेरो छुट्टै धारणा वनेको हो। यही सम्वन्धका कारण आवराणपृष्ठकलासङ्ग्रह गर्ने सोच बनेको हो।

कुलमानसिंह भण्डारी आवरणपृष्ठका सन्दर्भमा पनि सचेत र स्पष्ट छन्। उनका आवरण अमूर्त छैनन्। कुनै न कुनै सन्देशभित्र विचारले छोएका यी आवरणमा उनको सीप छ। त्यसैले उनले कोरेका आवरणपृष्ठ सङ्कलन गर्ने नयाँ थालनी यसमा गरिएको हो। उनले बनाएका आवरणपृष्ठमा पुस्तक, पत्रिका मुख्य छन्। यसका साथै वालसाहित्यमा आवरणपृष्ठ र अन्य चित्र पनि वनाएको पाइन्छ। उनको यस कलाको पाटोलाई पनि विर्सन मिल्दैन। उनले सृजना गरेका आवरणपृष्ठ सङ्कलन गरेर कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ। यस सङ्ग्रहमा वि.सं. २०१६-२०१७ सालमा वनाएको आवरणदेखि उनको मृत्युपछि (वि.सं. २०६१) सम्मका आवरणहरू परेका छन्। यी आवरणको रङ, प्रकाशन सालको उल्लेख गरिएको छ। यस कार्यलाई कलाकारले साहित्यमा पुऱ्याएको योगदानका रूपमा हेर्न सकिन्छ। यसमा

- आवरणपृष्ठसङ्ग्रह कला सङ्ग्रह हो यसमा कलाकार कुलमानसिंह भण्डारीको कला प्रदर्शनी छ।
- यसले कला र साहित्यको सम्वन्ध वुझ्न सघाउँछ।
- कलाकार भण्डारीको साहित्यकारसँगको सम्बन्ध र आवरणपृष्ठकला लेखनको निरन्तरता वुझ्न मद्दत मिल्छ।
- आवरणपृष्ठ पुस्तक/पत्रिका प्रकाशनको कालक्रममा राखिएको छ। एउटै लेखकका एकभन्दा वढी पुस्तकमा वनाइएका आवरणलाई पुस्तक प्रकाशनको मितिअनुसार छुट्टाछुट्टै दिइएको छ।
- पत्रिकाको आवरण पृष्ठ पनि कालक्रममा नै प्रस्तुत गरिएको छ। एउटै आवरणचित्र रङ फेरेर कतिपय पत्रिकामा छापिएको भए पनि त्यस्ता आवरण दोहोऱ्याइएको छैन। पत्रिकाको पहिलो प्रकाशित अंकलाई

त्यसकै प्रकाशित समय मानेर अन्य अङ्क पनि त्यसै सन्दर्भमा प्रस्तुत गरिएको छ ।

## १२. अन्तमा :–

जनता र देशप्रतिको ममतालाई सँगालेर कलासिर्जना गर्ने कुलमानसिंह भण्डारीको लगनशीलता र कलाप्रतिको समर्पणले यथार्थ र स्पष्ट चित्र कोर्ने सहज कलाको पक्षलाई समात्ने प्रेरणा दिइरहेको छ । मूर्तचित्र, स्पष्ट वर्गदृष्टि, सामन्ती कलाको विरोध, कलाको उद्देश्य कलाकारहरूको सङ्गठनमा जोड दिइएका आदि लेखहरूमा उनको विचार आएको छ । उनका लेखहरूले कलाको परख गर्न र कला सिर्जनामा साधनारत हुन थप प्रेरणा दिएका छन् । गीत र कवितामा पनि उनको यो चिन्तन आएको छ । आफ्नो जीवनको महत्वपूर्ण समय कलाक्षेत्रमा व्यतीत गर्ने भण्डारीबाट यस किसिमको कार्यमा लाग्न प्रेरणात्मक सन्देश लिन सकिन्छ ।

यस कार्यको सोचसँगै कृति सङ्कलनमा पूर्णरूपले समय दिने रामकृष्ण भण्डारी, प्रस्तुतिका क्रममा त्रुटि सच्याउन सजग पार्ने र आफ्नो कर्तव्य सम्झने साहित्यकार शान्तदास मानन्धरको सहयोग यसका प्रस्तुतकि सन्दर्भमा बिर्सन मिल्दैन ।

असार १७, २०६२
कीर्तिपुर

नाम : कुलमानसिंह भण्डारी

जन्म : १९८२ माघ २१ गते

मृत्यु : २०५७ साउन २ गते

प्रकाशित पुस्तकहरू : १. मेरा कलाकार गुरुहरू

२. कुलमानसिंह भण्डारीका गीत र कविता

कुलमानसिंह भण्डारी आवरणपृष्ठका सन्दर्भमा पनि सचेत र स्पष्ट छन् । उनका आवरण अमूर्त छैनन् । कुनै न कुनै सन्देशभित्र विचारले छोएका यी आवरणमा उनको सीप छ । त्यसैले उनले कोरेका आवरणपृष्ठ संकलन गर्ने नयाँ थालनी यसमा गरिएको हो । उनले बनाएका आवरणपृष्ठमा पुस्तक, पत्रिका मुख्य छन् । यसका साथै बालसाहित्यमा आवरणपृष्ठ र अन्य चित्र पनि बनाएको पाइन्छ । उनको यस कलाको पाटोलाई पनि बिर्सन मिल्दैन। उनले सृजना गरेका आवरणपृष्ठ संकलन गरेर कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ । यस सङ्ग्रहमा वि.सं. २०१६-२०१७ सालमा बनाएको आवरणदेखि उनको मृत्युपछि (वि.सं. २०६१) सम्मका आवरणहरू परेका छन्। यी आवरणको रङ, प्रकाशन सालको उल्लेख गरिएको छ । यस कार्यलाई कलाकारले साहित्यमा पुर्‍याएको योगदानका रूपमा हेर्न सकिन्छ ।

- सुकुम शर्मा